सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १०८ ♦ २०८२ साल पुस ७ सोमवार ♦ 22 Dec 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेश प्रदेशसभाको सभामुखमा यादव निर्वाचित, मैथिली भाषामा लिए सपथ

**खबर दर्पण समाचारदाता**

**मंसीर ६ गते, बर्दिवास**



मधेश प्रदेशको सभामुखमा जनता समाजवादी पार्टी (जसपा) नेपालका रामआशिष यादव निर्वाचित भएका छन् । आइतबार (आज) बसेको मधेश प्रदेशसभा बैठकमा मत विभाजन प्रक्रियामार्फत यादव सभामुख निर्वाचित भएका हुन् ।

मत विभाजन गर्दा उनको पक्षमा ७२ मत र विपक्षमा २४ मत परेको छ। प्रदेशसभा बैठकमा जम्मा ९६ सांसद उपस्थित थिए । सातदलीय गठबन्धनका तर्फबाट उम्मेदवार यादवलाई सभामुख निर्वाचित गरियोस् भन्ने प्रस्ताव कांग्रेसका सांसद वीरेन्द्रप्रसाद सिंहले गरेका थिए ।

प्रदेशसभामा बहुमत ५४ भन्दा बढी मत ल्याएका यादवलाई सभामुखको आसनमा बसेकी उपसभामुख बबिता राउत इशरले निर्वाचित भएको घोषणा गरिन् ।

सुरुमै यादवको प्रस्ताव बहुमतले पारित भएपछि सभामुखका अर्का प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार त्रिलोकीप्रसाद यादवको प्रस्ताव अघि भने बढाइएन ।

सभामुख बनेका यादव धनुषा-२ (ख)बाट दोस्रो पटक प्रदेशसभा सदस्य निर्वाचित भएका थिए । उनले जसपा नेपालको प्रमुख सचेतकको जिम्मेवारीसमेत सम्हाल्दै आएका थिए। अब उनी मधेशको नीति निर्माण हुने प्रदेशसभाको सभामुख पदमा पुगेका छन् ।

शिक्षक र पत्रकारिताबाट राजनीतिक नेतृत्वसम्मको यात्रा तय गरेका यादवको जन्म २०२६ साल चैत १५ गते धनुषाको जनकपुरधाम उपमहानगर पालिका-१७, साविक कनकपट्टी गाविसमा भएको हो । उनी स्वर्गीय रामलखन यादव र दौलतिया देवीका १० सन्तानमध्ये कान्छा छोरा हुन्। कृषक पेसामा संलग्न उनका बुबाका ९ छोरा र १ छोरी थिए।

स्नातक तहसम्म अध्ययन गरेका रामआशिष यादव २०५० सालमा काभ्रेपलाञ्चोक जिल्लाको बागदेवी माध्यमिक विद्यालय, ज्याम्दीमा अंग्रेजी विषयका शिक्षकका रूपमा कार्यरत रहे ।

करिब अढाइ वर्ष शिक्षण पेसामा संलग्न रहेपछि उनी पत्रकारितातर्फ आकर्षित भए। २०५४ सालमा रेडियो नेपालका धनुषा संवाददाताका रूपमा काम सुरु गरे। २०६० सालमा पुन: शिक्षण पेसामा फर्किएका यादव जनकपुरधामस्थित सकल भवन कन्या माध्यमिक विद्यालयमा शिक्षक बने ।


सँगसँगै उनले पत्रकारिता पनि अघि बढाए। गोरखापत्र राष्ट्रिय दैनिक, अन्नपूर्ण पोस्ट, इमेज टेलिभिजन र जनकपुर टुडे जस्ता सञ्चारमाध्यममा संवाददाताको रूपमा काम गरे। उनी जनकपुर बाट प्रसारण हुने जनकपुर एफएम, तहल्का नेपाल र जनकपुर टीभीका संस्थापकसमेत हुन् । यद्यपि, पत्रकारितालाई निरन्तरता दिएपछि उनले शिक्षण राम्ररी नगरेको टिप्पणी हुने गरेको छ। शिक्षक र पत्रकार दुवै क्षेत्रमा सक्रिय यादव २०६७ सालमा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष निर्वाचित भए । अध्यक्षको कार्यकालको अन्त्यतिर उनले जनकपुरधामको धार्मिक तथा ऐतिहासिक गंगासागरको सरसफाइ गर्ने अठोट लिए ।

सरसफाइ अभियानको नेतृत्व गरेर यादव नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, शैक्षिक संस्था, पत्रकार महासंघ, क्लब तथा नागरिक समाजसँगको सहकार्यमा प्रत्येक शनिबार महासरसफाइ अभियान अघि बढाए ।

प्रदूषित गंगासागर नियमित सर सफाइले स्वच्छ र सफा भयो । गंगासागरको पूर्ण सरसफाइ

बाँकी पृष्ठ ३ मा



# श्रममा निर्भर मुसहर बस्तीको कथा



*शर्मिला घिमिरे*
**पुस ७ गते, बर्दिवास**

महोत्तरीको भगाहा- ३ मद्रास गाउँकी रिता सदा ३४ वर्षकी भइन् । पाँच छोराछोरीको जिम्मा लिएर घरमा बसेकी छिन्। जेठी छोरी खुस्बु १७ वर्षकी भइन्। स्कुल जान छोडिसकिन् ।आफ्नो १४ वर्षको उमेरमा बिहे भएको सम्भmँदै उनी भन्छिन्, “१४ वर्षको उमेरमा मेरो बिहे भएको हो । छोरी १७ वर्ष भइसकिन् ।काममा सघाउँछिन् ।सजिलो पनि भएको छ ।छ महिना काम पाइन्छ अरु समय त्यत्तिकै बस्नुपर्ने पनि हुन्छ। खेतीको सिजनमा काम भ्याई नभ्याई हुन्छ। अरु बेला काम पाइँदैन ।घरमा खर्च धान्न श्रीमान विदेश (दुबइ)जानु भएको छ।१० - १५ हजार पठाउनुहुन्छ त्यसले हामीलाई धेरै सजिलो बनाएको छ। हामीले यहाँ पनि काम नगर्ने हो भने खान पुग्दैन ।खुस्बु पनि  काम सिक्दैछ । छोरी मान्छेले काम सिक्नुपर्छ अनि पो सजिलो हुन्छ।"

सानो भ्mुपडी घर भित्र ओछ्याइएका लुगा सम्हाल्दै उनी भन्छिन्, “एक धुर जग्गामा बनेको घर हो यो । यो भन्दा धेरै जग्गामा घर बनाउने त सपना पनि छैन। यही घरमा छोराछोरी हुर्किँदै छन्। खुसी छु। घर गाउँको काम गर्दा काम सजिलो हुन्छ। उहाँहरुले बोलाएर काम लगाएपछि काम हेरिकन दुई तीन सय दिनुहुन्छ। त्यो काम पनि सधैं पाइँदैन।सधैँ काम पाइने  र काम गर्न भ्याइ नभ्याई भएको समयमा धेरै खुसी लाग्छ।"

उनकी छिमेकी रामकुमारी सदा ३५ वर्षकी भइन् । उनका श्रीमान विदेश गएका छैनन् । उनका श्रीमानलाई नेपाल बस्न मनपर्छ।परिवारको कुरा सुनाउँदै उनी भन्छिन्  “मेरा पाँच छोराछोरी छन् । जेठो छोरा १५ वर्षको भयो। पहिला स्कुल जान्थ्यो। अहिले जाँदैन। अब उसले पनि कमाउन सुरु गर्छ।प्रियङ्का ११ वर्षकी भई । ऊ स्कुल जान्न।भाइबहिनी हेर्नुपर्छ ।उसले घरमा सघाउँछे । म पैसा कमाउँछु ।पैसा नकमाई के खाने भरे ।"

आफूसँग नागरिकता नभएको बताउँदै उनी भन्छिन्, “मेरो श्रीमानको नागरिकता छ। मसँग जन्मदर्ता छ।मेरो नागरिकता छैन। यसले छोराछोरीलाई अप्ठ्यारो पारेको छ।"

समान कामको समान ज्याला पाइन्छ भन्ने सुनेकी  उनी भन्छिन्, “ श्रीमानले काम पाएको दिन कहिले ७ सय देखि १ हजार सम्म नि  ल्याउनुहुन्छ।  एककिन हुँदैन । मेरो पनि उही हो। कतिबेर काम गरिन्छ , कस्तो काम गरिन्छ त्यही अनुसार पारिश्रमिक आउँछ। प्राय चलन चल्तीमा ६०० देखि ७०० छ ।"

रिता सदाका पनि श्रीमान विदेश (दुवै )जानुभएको छ। श्रीमान विदेश गएपछि एक्लै महसुस गरेकी छन् । रिता सदाले श्रीमान हुँदा धेरै कुरामा सजिलो थियो। छोराछोरी पनि बाउकै खोजी गर्छन्। टाढा बसेर पनि खर्चले पुगेहुन्थ्यो। महिनाको १० देखि १५ हजार आउँछ। यहाँको खर्च धान्न धौंधौ  पर्छ ।म पनि काममा जान्छु । कुनै कुनै काममा उनीहरुले नै बढी पैसा पाउँछन्। केटा मान्छेको काम हेरी ७०० देखि १००० कमाउँछन् ।हामी ५०० देखि ८०० सम्म कमाउँछौँ।उनीहरुले भारी काम पनि गर्न सक्छन् हामी त्यो सक्दैनौं ।नजिकको टोलमा अरुले पनि काममा बोलाउनुहुन्छ । कामको किसिम हेरी २-३ सय दिनुहुन्छ । सानोतिनो काम टोल छिमेकमा त्यसै पनि सघाउनुपर्छ ।



नेपाल सरकार श्रम मन्त्रालय मधेस प्रदेशबाट प्राप्त जानकारी अनुसार नेपालको कानुन अनुसार २०८१ साउन १ देखि श्रमिकको न्यूनतम मासिक तलब १९,५५० रुपैयाँ निर्धारण गरेको छ। जसमा आधारभूत पारिश्रमिक र महङ्गी भत्ता पनि समावेश गरेको छ। दैनिक ज्यालादारी श्रमिकका लागि ७७४ रुपैयाँ तोकेको छ। घण्टा तोकेर काम गर्ने श्रमिकका लागि १०७ रुपैयाँ प्रति घण्टा तोकेको छ। जसमा उचित कामको वातावरण सामाजिक सुरक्षा जस्ता कुराहरू पनि समावेश भएका छन्।

राम कुमारी भन्नुहुन्छ, “ ऐनमा जे लेखेको भएपनि  गाउँघरमा ६५० देखि ७०० पाउदा हामी रमाउँछौ । काम नपाएर दिक्क लाग्छ ।"

महिला मुक्तिका लागि विभिन्न संघ संस्था ,ट्रेड युनियनहरू खुलेका छन्। नेपाल सरकारले पनि महिलाका लागि छुट्टै कानुनको व्यवस्था गरेको छ। यति हुँदाहुँदै पनि महिला श्रमिकहरूको एकिन तथ्याङ्क पाइँदैन ।

नेपालको संविधानको धारा ३३ र ३४ ले श्रम र समानताको बारेमा व्याख्या गरेको छ । जसमा सुरक्षित कामको वातावरण ,सामान ज्याला ,सामाजिक सुरक्षा जस्ता श्रमिक हितका विषयहरू उल्लेख गरेको पाइन्छ ।

“हाम्रो यहाँ ठूलो टोल छ। यो टोलमा धेरैजसो सदा( मुसरह) छौँ।सबैको प्राय उस्तै उस्तै घरहरू छन्। कसैले एक धुरमा घर बनाएका छन् । कसैको दुई धुर छ । थाहा छैन कसै कसैको धेरै पनि छ रे।हामीहरु धेरैजसो यहाँका सबै ज्याला मजदुरी नै गरेर खान्छौँ । कति पैसा भन्ने थाहा छैन तर एउटै कामको एउटै ज्याला पाउनुपर्ने हो भन्ने थाहा छ", रिता भन्नुहुन्छ ।

महोत्तरी जिल्लालाई मात्रै  हेर्ने हो भने पनि श्रम गरेर खाने महिला श्रमिकहरू धेरै देखिनु हुन्छ । तर महिला श्रमिकहरूको एकिन तथ्याङ्क भने कतै पनि पाइँदैन

मनोविद् पद्म प्रसाद घिमिरे आफ्नो  स्वअध्ययनका क्रममा उहाँ हरुको भावना यसरी बुझेको बताउनुहुन्छ, “परम्परागत सोचमा परिवर्तन हुन नसक्नु ।  परिश्रम, सिप, उत्पादन र बजारसम्मको समन्ध बुझ्न नसक्नु । श्रम र ज्यालामा बढी विश्वास गर्ने प्रवृतिले गर्दा उहाँहरूलाई पछाडि पारेको पाइन्छ। अर्को सबैभन्दा प्रमुख कुरा उहाँहरु नयाँ कामको जोखिम लिन चाहनुहुन्न ।यो सबै एकैपटक परिवर्तन हुने कुरा होइनन्।चिन्तन र परम्परामा मानिसलाई धेरै आस्था रहेको हुन्छ। त्यो आस्थालाई खुकुलो पार्न केही समय लाग्न सक्छ ।कमजोर छौ भन्ने हिनता बोध हुँदा उहाँहरु श्रम र ज्यालाका विषयमा बोल्न नसक्नु भएको अवस्था पनि छ।"

“श्रम र ज्यालादारका विषयमा उहाँहरूलाई प्रष्ट रुपमा थाहा छैन। बालविवाह र शिक्षाको विषयमा सम्झाउँदा उहाँहरूलाई सँगै श्रम र ज्यालादरको विषयमा पनि भन्ने गर्छौं।  समाजमा जड भएर बसेका यी विषयहरू पूर्ण रूपमा अन्त्य नभए पनि सकारात्मक सन्देशका साथ परिवर्तन आएको छ ।“विनेश्वर महिला समूहकी अध्यक्ष रिता भट्टराई भन्नुहुन्छ।

भगाहा नगरपालिकाका  मेयर सञ्जीव साह भन्नुहुन्छ, “परम्परागत सोच र बदलिन नसकेको चिन्तनले गर्दा सदा परिवार पछाडि परिरहनु भएको छ।जनचेतना मूलक कार्यक्रम व्यक्तिगत भेटघाट देखि लिएर सडक नाटक लगायत विद्यालय स्तरमा हुने कार्यक्रम मार्फत पनि उहाँहरूलाई सुसुचित पार्ने कार्यहरू भइरहेका छन्।  बालविवाहको अन्त्य गर्नका लागि नगरपालिका आफ्नै पहलमा घरदैलो कार्यक्रमदेखि लिएर पुरस्कारका कार्यक्रमसम्म राख्दै आएको छ। जब सम्म बालविवाहको अन्त्य हुँदैन ।उहाँहरूको श्रमले पनि न्याय पाउँदैन । शिक्षा र सीपमा पहुँच पुऱ्याउने उद्देश्यले धेरै कार्यक्रम गर्दै आएका छौं। श्रमिक महिलाहरूका लागि समान कामको समान ज्याला हुनुपर्छ भन्ने आवाज नगरपालिकाले उठाउँदै आएको छ। नेपाल सरकारले श्रमको ज्यालादर तोकेसँगै हामीलाई काम गर्न सजिलो भएको छ ।"

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरही ६ का मावि बैरियाका विद्यार्थीहरु द्वारा विषयगत शिक्षकको माग गर्दै आन्दोलन

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**पुस ६ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिका-६ स्थित श्री माध्यमिक विद्यालय बैरियामा विषयगत शिक्षक अभावका कारण विद्यार्थीहरू आन्दोलनमा उत्रिएका छन्। कक्षा ८ देखि १० सम्म अंग्रेजी, विज्ञान र सामाजिक विषयको पढाइ छ महिनादेखि नहुँदा आइतबार विद्यार्थीहरूले आन्दोलन गरेका हुन्।

आन्दोलनरत विद्यार्थीहरूले विद्यालयको कार्यालयमा तालाबन्दी गर्नुका साथै औरही नगरपालिकाको कार्यालय घेराउ गरेका थिए। नगर पालिकाको कार्यालयमा पुगेका विद्यार्थीहरूले नगर प्रमुख, उपप्रमुख तथा नगर शिक्षा शाखाका पदाधिकारीसमक्ष आफ्ना मागहरू राखेका थिए।

कक्षा १० मा अध्ययनरत विद्यार्थीका अनुसार विगत छ महिनादेखि अंग्रेजी, विज्ञान र सामाजिक विषयका शिक्षक नहुँदा पठनपाठन ठप्प भएको छ। शिक्षकको माग गर्दै कक्षा ८ देखि १० सम्मका करिब २५-३० जना विद्यार्थी बैरियाबाट पैदलै औरही नगरपालिकाको कार्यालयसम्म पुगेका थिए।

लामो समयदेखि वडाध्यक्ष र विद्यालयका प्रधानाध्यापकसमक्ष विषयगत शिक्षकको माग गर्दा पनि चासो नदिइएको भन्दै बाध्य भएर तालाबन्दी र आन्दोलन गर्नुपरेको विद्यार्थीहरूको भनाइ छ। एसईई परीक्षा अढाई महिना मात्र बाँकी रहँदासमेत पठनपाठन हुन नसकेको उनीहरूको गुनासो छ।

विद्यार्थीहरूले तीन बुँदे माग अघि सारेका छन्। उनीहरूले प्राध्यापक शत्रुधन यादवको सरुवा र एक जना शिक्षकलाई कारबाही गर्नुपर्ने माग गरेका छन्। साथै विद्यालयमा छात्राहरूले निःशुल्क सेनेटरी प्याड पाउनुपर्ने व्यवस्था कार्यान्वयन नभएको गुनासो गरेका छन्। केही शिक्षकले गलत तरिकाले बोल्ने र दुर्व्यवहार गर्ने गरेको आरोप पनि छात्राहरूले लगाएका छन्।



आन्दोलनरत विद्यार्थीहरूसँग नगरपालिकाको शिक्षा शाखा संयोजक धन बहादुर राई र वडा अध्यक्ष सुशील चौधरीले छलफल गरी गुनासो सुनेका थिए। सो अवसरमा शिक्षा शाखा संयोजकले १५ दिनभित्र शिक्षक अभावको समस्या समाधान गरिने प्रतिबद्धता जनाउँदै विद्यार्थीहरूलाई घर फर्किन आग्रह गरेका थिए।

# मधेश प्रदेशसभाको सभामुखमा यादव....

भएपछि यादवले पर्यटन प्रबर्द्धन गर्न संस्कृतिको रूपमा २०७१ सालमा महागंगा आरतीको सुरुवात गरे। जहाँ प्रत्येक साँझ अहिले पनि महागंगा आरती हुन्छ। यो जनकपुरधामको पर्यटकीय गन्तव्यसमेत बनेको छ।

महागंगा आरतीको सुरुवातसँगै रामआशिष यादव वातावरण संरक्षण अभियानमा सक्रिय भए। यही अभियानमा क्रियाशील रहँदै उनी २०७४ सालको निर्वाचनको पूर्वसन्ध्यामा उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी फोरममा प्रवेश गरे। धनुषा-२ (ख) बाट फोरमका तर्फबाट उम्मेदवार बनेका यादव विजयी भए।

भद्र र शालिन स्वभावका यादव २०७९ सालमा सोही क्षेत्रबाट दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित भए। प्रदेशसभामा उनले सामाजिक मुद्दाहरूलाई मिहिन र प्रभावकारी ढंगले उठाउँदै आएका छन् भने नियमित रूपमा बैठकमा सहभागी हुने सांसदका रूपमा चिनिन्छन्। यही सक्रियता र भूमिकाका कारण उनी दुई पटक प्रदेशसभाबाट उत्कृष्ट सांसदको सम्मान प्राप्त गर्न सफल भए।

२०७९ को निर्वाचनपछि यादव जनता समाजवादी पार्टी (जसपा) संसदीय दलको नेता पदका उम्मेदवार बनेका थिए। यद्यपि, पार्टी अध्यक्ष उपेन्द्र यादवले उनलाई ब्याक गरे। तत्कालीन निवर्तमान सभामुख सरोजकुमार यादव संसदीय दलको नेता बने। उनलाई प्रमुख सचेतकको जिम्मेवारी दिइयो।

दुई पटक प्रदेशसभा सदस्यमा निर्वाचित यादवले आफ्नो निर्वाचन क्षेत्रमा विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि पहल गर्दै आएका छन्। वातावरण संरक्षण र सामाजिक क्षेत्रमा पुऱ्याएको सकारात्मक योगदानका कारण उनले विभिन्न सम्मानबाट पनि सम्मानित छन्।

वातावरण संरक्षण सम्मान, नेपाल स्रष्टा सम्मान तथा भारतको दरभंगाबाट प्रदान गरिएको मिथिला विभूति



सम्मानलगायत विभिन्न पुरस्कार तथा सम्मान उनले प्राप्त गरेका छन्।

उदाहरणीय कामको प्रशंसासाँगै केही आलोचनासमेत उनले खेप्नु परेको छ। साथै उनीमाथि जनकपुरमा राजनधानी मै आफ्नो घरमा बसे पनि प्रदेशसभाबाट घर भाडा बुझ्ने गरेको भन्दै नैतिक प्रश्नसमेत उठ्ने गरेको छ।

सामाजिक मुद्दा, शिक्षा र वातावरण संरक्षणका विषयमा निरन्तर आवाज उठाउँदै आएका उनी सभामुखको भूमिकामा निष्पक्ष र मर्यादित संसदीय अभ्यासलाई प्राथमिकता दिने बताउँदै आएका छन्।

सभामुखको रूपमा यादवले प्रदेशसभालाई प्रभावकारी बनाउने, विधेयकहरू समयमै छलफल र पारित गर्ने तथा मधेश प्रदेशको हितमा नीतिगत निर्णयलाई अघि बढाउने चुनौती सामना गर्नुपर्नेछ।

त्यसैगरी मधेश प्रदेशका नवनिर्वाचित सभामुख राम अशिष यादवले पद तथा गोपणियताको सपथ लिएका छन्।

आईतबार साँझ मधेश प्रदेश प्रमुखको कार्यालयमा आयोजित शपथ ग्रहण कार्यक्रममा प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले सभामुख यादवलाई सपथ ग्रहण गराएका छन्।

# बङ्गलादेशमा हिन्दु युवकको .....

गम्भीर प्रश्न उठाउने उक्त घटनाविरुद्ध आक्रोशित युवाहरू सडकमा उत्रिँदै कडा विरोध जनाएका हुन्।


जनकपुरधामको विभिन्न स्थानबाट भेला भएका युवाहरूले बङ्गलादेश सरकारविरुद्ध नाराबाजी गर्दै घटनामा संलग्न दोषीलाई कडा कारबाहीको माग गरेका थिए। प्रदर्शनका क्रममा उनीहरूले बङ्गलादेश सरकारको प्रतिकात्मक पुत्ला जलाएर विरोध जनाएका छन्।

प्रदर्शनकारी युवाहरूले बङ्गलादेशमा हिन्दुहरू असुरक्षित बन्दै गएको आरोप लगाएका छन्। उनीहरूले त्यहाँ हिन्दुहरूमाथि लक्षित हिंसाका घटनाहरू बढ्दै गएपनि सरकार यस्ता घटनामा संलग्न अपराधीहरूमाथि प्रभावकारी कारबाही गर्न असफल देखिएको आरोप लगाए।

प्रदर्शनमा सहभागी युवाहरूले म्यामनसिंह घटनालाई अमानवीय र निन्दनीय भन्दै अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुपर्ने आवश्यकता औंल्याएका छन्। 'निर्दोष युवकलाई झुटा आरोपमा कुटपिट गरी हत्या गरेर शवसमेत जलाइनु गम्भीर मानव अधिकार उल्लंघन हो,' एक प्रदर्शनकारीले भने, 'यस्ता घटनामा मौन बस्नु अन्यायलाई प्रोत्साहन गर्नु बराबर हो।'

युवाहरूले विरोध प्रदर्शनका क्रममा मुस्लिम आयोग नेपाल खारेज गरिनुपर्ने माग पनि उठाएका छन्। उनीहरूको दाबीअनुसार आयोगले अन्तर धार्मिक समन्वय र अल्पसङ्ख्यक अधिकारको संरक्षणमा प्रभावकारी भूमिका खेल्न नसकेको आरोप छ।

प्रदर्शनकारीहरूले बङ्गलादेश सरकारलाई तत्काल घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन चेतावनी दिएका छन्। यदि समयमै न्याय नदिइए ठूलो र सशक्त आन्दोलन गर्न बाध्य हुने चेतावनीसमेत उनीहरूले दिएका छन्।

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी
✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# पत्रकार झाको 'युग युग सियागाम' सार्वजनिक

**खबर दर्पण समाचारदाता**
**पुस ६ गते, जनकपुरधाम**

पत्रकार, कथाकार तथा साहित्यकारका रूपमा परिचित लेखक सुजित कुमार झाको मैथिली भाषामा लिखित १८औँ साहित्यिक कृति 'युग युग सियागाम' (गुरु-शिष्य संवाद) पुस्तक आइतबार बीच लोकार्पण गरिएको छ ।

विश्व ध्यान दिवसको अवसर पारेर जनकपुरधाममा आयोजित कार्यक्रममा पुस्तक सार्वजनिक गरिएको हो ।

लोकार्पण समारोहका प्रमुख अतिथि शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी तथा विशिष्ट अतिथि जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले संयुक्त रूपमा पुस्तक विमोचन गरेका थिए ।

कार्यक्रममा साहित्य, सञ्चार, शिक्षा, सामाजिक तथा राजनीतिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । पुस्तक लोकार्पणसँगै कृतिमाथि समालोचनात्मक चर्चा गरिएको थियो भने विश्व ध्यान दिवसको सन्दर्भमा ध्यान अभ्यास कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

'युग युग सियागाम' गुरु-शिष्य संवादको शैलीमा लेखिएको कृति हो । यसमा जनकपुरधामको प्राचीन इतिहास, सांस्कृतिक पहिचान र आधुनिक परिवेशलाई




साहित्यिक ढंगले प्रस्तुत गरिएको छ । कृतिले जनकपुरधामको समग्र चिनारीलाई नयाँ दृष्टिकोणबाट उजागर गरेको सहभागी वक्ताहरूले बताए ।

साहित्यकारहरूले मैथिली साहित्य क्षेत्रमा यो पुस्तक नयाँ उपलब्धिका रूपमा आएको उल्लेख गर्दै लेखक सुजित कुमार झाको साधना, निरन्तरता र मेहनतको प्रशंसा गरेका थिए । सहभागीहरूले लेखकप्रति धन्यवाद व्यक्त गर्दै 'युग युग सियागाम' ले मैथिली भाषा, साहित्य र जनकपुरधामको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरे ।

# बङ्गलादेशमा हिन्दु युवकको हत्याविरुद्ध जनकपुरधाममा युवाहरूको आक्रोश



**खबर दर्पण समाचारदाता**
**पुस ६ गते, जनकपुरधाम**

बङ्गलादेशको म्यामनसिंह जिल्लामा एक हिन्दु युवकलाई भ्रमपूर्ण आरोपमा कुटपिट गरी हत्या गरिएको तथा शव जलाइएको घटनाको विरोधमा जनकपुरधाममा युवाहरूले प्रदर्शन गरेका छन् ।

मानव अधिकार र अल्पसङ्ख्यकको सुरक्षाप्रति

*बाँकी पृष्ठ ३ मा*

## पेन्सन पट्टा हराएको सुचना

निम्न विवरण भएको नेपाली सेनाबाट प्राप्त हुने सुविधाबापतको पहेलो रङ्को पेन्सन पट्टा ( सेवा निवृत्तभरण अधिकार-पत्र) बर्दिवासस्थित राष्ट्रिय बाणिज्य बैंकबाट बर्दिवास-१ स्थित संगम टोल घरतर्फ जानेक्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको ईलाका प्रहरी कार्यालय वा तपशिलअनुसारको मोबाईल नं.मा सम्पर्क गरिदिनुहिन अनुरोध गर्दछौ ।

नाम : गोबिन्द बहादुर बुढाथोकी
ठेगानाः बर्दिवास-१, महोत्तरी
बाबुको नाम : धन बहादुर बुढाथोकी
सिलसिलेवार नम्बर : ५२९६३३
सम्पर्क : ९८५४०२८३९१
हराएको मिति : २०८२ असोज

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७४।०८।०१ मा दर्ता भएको प्रा.लि.नं.१७८४६३ भएको आले ब्रदर्श कन्स्टूक्शन कम्पनी ९रुरुरुरु। रुरु।० को २०८२।०९।०६ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ कोृ दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गर्ने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ
सम्पर्क नम्वरः९८४९७१४८६७

**कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।**
**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**
**साथै होम डेलिभरीको सुविधा छ।**




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुशा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुशा,